कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय पाँचथर

फिदिम, पाँचथर

## मासिक जनस्वास्थ्य बुलेटिन

आ.व. २०८३/८४ वर्षः पहिलो आंकः२ महिनाःभाद्र प्रकाशित मितिः २०८३/०६/०६

### (CBIMNCI) सम्बन्धी स्थलगत अनुशिक्षण

मिति २०८३/०५/१८ गते स्वास्थ्य चौकी, भारापा मा बाल तथा नवजात शिशुको एकीकृत व्यवस्थापन (CBIMNCI) सम्बन्धी स्थलगत अनुशिक्षण कार्यक्रम सञ्चालन गरियो। कार्यक्रममा बाल तथा नवजात शिशुमा देखिने विभिन्न स्वास्थ्य समस्याको पहिचान, वर्गीकरण, उपचार तथा आवश्यक परामर्श सम्बन्धी विषयमा स्थलगत रूपमा अनुशिक्षण तथा छलफल गरिएको थियो। साथै स्वास्थ्यकर्मीहरूको ज्ञान तथा सीप अभिवृद्धि गर्दै गुणस्तरीय बाल तथा नवजात शिशु स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने विषयमा समेत जोड दिइयो।







### बजार अनुगमन

मितिः २०८३/०५/२६ गते जिल्ला प्रशासन कार्यालय, पाँचथरका सहायक प्रमुख जिल्ला अधिकारी श्री डिल्लीराज श्रेष्ठज्यूको नेतृत्वमा जिल्ला प्रहरी कार्यालय, पाँचथरका प्रहरी नायव उपरीक्षक (DSP) श्री अनिस कर्णज्यू, उद्योग वाणिज्य संघ, पाँचथरका अध्यक्ष श्री नरेन्द्र अधिकारीज्यू, नेपाल पत्रकार महासंघ, पाँचथरका अध्यक्ष श्री भीम बास्कोटाज्यू, घरेलु तथा साना उद्योग कार्यालय, पाँचथर तथा स्वास्थ्य कार्यालय, पाँचथरका प्रतिनिधिहरू सम्मिलित संयुक्त अनुगमन टोलीद्वारा हिलिहाङ र याङ्वरक गाउँपालिकाका विभिन्न पसल तथा निजी स्वास्थ्य संस्थाहरूको अनुगमन गरिएको छ। अनुगमनका क्रममा सम्बन्धित पसल तथा स्वास्थ्य संस्थाहरूको सेवा, व्यवस्थापन, मापदण्डको पालना तथा आवश्यक कागजातहरूको अवस्थाबारे निरीक्षण गरी आवश्यक सुझाव तथा निर्देशन प्रदान गरिएको छ।



कोशी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय पाँचथर

फिदिम, पाँचथर

## मासिक जनस्वास्थ्य बुलेटिन

आ.व. २०८३/८४ वर्षः पहिलो आंकः२ महिनाःभाद्र प्रकाशित मितिः २०८३/०६/०६

### विश्व आत्महत्या रोकथाम दिवस २०२६

"आत्महत्या रोकथामबारे संवाद सुरु गरौं, दृष्टिकोण बदलौं" भन्ने सन्देशसहित स्वास्थ्य कार्यालय, पाँचथरद्वारा श्री गणेश माध्यमिक विद्यालय, याङवरक गाउँपालिकामा ६० जना विद्यार्थी तथा श्री सिंहपुर पासुपति माध्यमिक विद्यालय, हिलिहाङ गाउँपालिकामा ४५ जना विद्यार्थीको सहभागितामा मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथामसम्बन्धी सचेतना कक्षा सञ्चालन गरियो। साथै, श्री फिदिम माध्यमिक विद्यालयमा समेत मानसिक स्वास्थ्य तथा आत्महत्या रोकथामसम्बन्धी सचेतना कक्षा सञ्चालन गरियो।











Website: ho.panchthar.koshi.gov.np Email: healthofficepanchthar@gmail.com Contact: 024-522090

कोशी प्रदेश सरकार

स्वास्थ्य मन्त्रालय

स्वास्थ्य निर्देशनालय

# स्वास्थ्य कार्यालय पाँचथर

फिदिम, पाँचथर

## मासिक जनस्वास्थ्य बुलेटिन

आ.व. २०८३/८४ वर्षः पहिलो आंकः२ महिनाःभाद्र प्रकाशित मितिः २०८३/०६/०६

### १३औं राष्ट्रिय परिवार योजना दिवस



मिति २०८३ असोज २ गते (१८ सेप्टेम्बर) का दिन स्वास्थ्य कार्यालय, पाँचथरका कार्यालय प्रमुख श्री महेश सुनारज्यूको अध्यक्षतामा फिदिम नगरपालिका—स्थित लुङ्गरुपा स्वास्थ्य चौकीमा १३औं राष्ट्रिय परिवार योजना दिवस मनाइएको छ। उक्त कार्यक्रममा स्वास्थ्य कार्यालय, पाँचथरका कर्मचारीहरू, फिदिम नगरपालिकाका स्वास्थ्य संयोजक तथा स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।

### नमुना बर्थिङ सेन्टर अनुगमन



मितिः २०८३/०५/३१ गते ग्रामीण आमा स्वास्थ्य कार्यक्रम अन्तर्गत प्राङबुङ स्वास्थ्य चौकीमा सञ्चालित नमुना बर्थिङ सेन्टरको अनुगमन गरिएको थियो। अनुगमनका क्रममा बर्थिङ सेन्टरबाट प्रदान हुँदै आएको सेवा प्रवाह, उपलब्ध पूर्वाधार तथा उपकरण, स्वास्थ्यकर्मीको अवस्था र आवश्यक अभिलेखहरूको अवस्थाबारे जानकारी लिइएको थियो। साथै, सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय तथा सुरक्षित बनाउन आवश्यक सुझाव तथा निर्देशनसमेत प्रदान गरिएको थियो।

### संविधान दिवस, २०८३



संविधान दिवस, २०८३ को अवसरमा जिल्ला मूल समारोह समिति, पाँचथरको आयोजनामा सञ्चालित तीनदिने कार्यक्रमअन्तर्गत मिति २०८३।०६।०२ गते जिल्ला अस्पताल, फिदिम—४ को परिसरमा सरसफाइ कार्यक्रम सम्पन्न गरियो। कार्यक्रममा प्रमुख जिल्ला अधिकारी श्री वासुदेव दाहाल, जिल्ला समन्वय समिति पाँचथरका प्रमुख श्री रामराज आङदेम्बे, फिदिम नगरपालिकाका नगर प्रमुख श्री मित्रप्रसाद काफ्ले, सुरक्षा निकायका प्रमुखहरू, जिल्ला अस्पताल पाँचथरका डा. बुद्धिबहादुर थापा लगायत स्वास्थ्य कार्यालय, पाँचथरका कर्मचारी, विभिन्न कार्यालयका प्रतिनिधि तथा स्थानीयवासीहरूको सहभागिता रहेको थियो।

### थ्याङ्क गुणस्तरीयताका लागि अनसाइट कोचिङ




स्वास्थ्य सेवासम्बन्धी तथ्याङ्कको शुद्धता, पूर्णता तथा गुणस्तर अभिवृद्धि गर्ने उद्देश्यले मिति २०८३/०५/०२ गते लुङरुपा स्वास्थ्य चौकी तथा २०८३/०५/०३ गते नागिन स्वास्थ्य चौकीमा तथ्याङ्क गुणस्तरीयताका लागि अनसाइट कोचिङ कार्यक्रम सञ्चालन गरिएको थियो। कार्यक्रममा स्वास्थ्यसम्बन्धी तथ्याङ्कको अभिलेखीकरण, प्रतिवेदन तथा गुणस्तर सुधारका विषयमा सहजीकरण गरिएको थियो भने आवश्यक सुझाव तथा पृष्ठपोषण प्रदान गरिएको थियो।

*Website: ho.panchthar.koshi.gov.np Email: healthofficepanchthar@gmail.com Contact: 024-522090*

कोशी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय

## स्वास्थ्य कार्यालय पाँचथर

फिदिम, पाँचथर

## मासिक जनस्वास्थ्य बुलेटिन

आ.व. २०८३/८४ वर्षः पहिलो आंकः२ महिनाःभाद्र प्रकाशित मितिः २०८३/०६/०६

### सूचना प्रवाह




Website: ho.panchthar.koshi.gov.np Email: healthofficepanchthar@gmail.com Contact: 024-522090